## महत्वपूर्ण जानकारीहरू

- वैदेशिक रोजगारीमा जानका लागि उमेर कम्तिमा १८ बर्ष हुन अनिवार्य छ । रोजगारीमा जानका लागि झुठा विवरण वा कागजात पेश गर्नुहुँदैन ।
- वैदेशिक रोजगारमा जाँदा कुन संस्थाबाट जाने हो त्यसको बैधानिकताका बारेमा सके सम्म धेरै जानकारी लिनुहोस् । मध्यस्थकर्ता/बिचौलिया/दलाल (एजेन्ट) मार्फत् वा त्यस्तै व्यक्तिबाट जाने प्रयत्न नगर्नुहोस् । ठगिने र विदेशमा अलपत्र परिने धेरै सम्भावना रहन्छ ।
- वैदेशिक रोजगार भर्ना प्रक्रियामा सामेल हुनुपूर्व आफू जान चाहेको देश, कम्पनी, गर्नुपर्ने काम, सो वापत प्राप्त हुने तलव लगायत अन्य सम्पूर्ण सेवा सुविधाहरूको बारेमा स्पष्ट हुनुहोस् ।
- कामका लागि विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । अन्य देशको वैकल्पिक बाटो प्रयोग गरी रोजगारीका लागि विदेश नजानुहोस् । कसैले तपाईलाई ललाईफकाई लैजाने प्रयत्न गर्दैछ भने स्थानीय प्रहरीलाई जानकारी गराउनुहोस् ।
- लुकीछिपी वैदेशिक रोजगारीमा जाँदा कानूनी कार्वाही हुने, अलपत्र पर्ने, दुर्घटना हुने, सम्झौता बमोजिम काम नपाउने, उद्धार गर्न कठिन हुने र कल्याणकारी कोष, बीमा कम्पनीबाट प्राप्त हुने सेवा सुविधा प्राप्त नहुने हुँदा विशेष ध्यान पुऱ्याउनुहोस् ।
- करार अवधि सकिएपछि पनि स्वीकृति विना, गैरकानूनी तरीकाबाट भिषाको म्याद भन्दा बढी समय नबस्नुहोस् अन्यथा सम्बन्धित देशको कानून अनुसार कारबाही हुन सक्छ । आफ्नो राहदानीको म्याद समाप्त हुनु अगावै समयमा नै नविकरण गर्नुहोस् ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिले अनुमतिको अवधि पश्चात नियमानुसार म्याद थप नगरी अवैधानिक रुपमा विदेशमा बस्न वा काम गर्न हुँदैन । वैदेशिक रोजगार सम्झौता अनुसारको अवधि भित्र करार भंङ्ग नभएसम्म उक्त कार्य छोडेर अन्यत्र काम गर्न जान हुँदैन ।
- करार अवधि सकिएपछि पुनः बीमा गराई श्रम स्वीकृति लिएर मात्र काम गर्नु पर्छ, अन्यथा दुर्घटना पर्दा बीमा र अन्य आर्थिक सहायताको सुविधा पाइँदैन ।
- वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिले विदेश प्रस्थान गर्नु अघि आफुले प्राप्त गरेका रोजगार सम्बद्ध कागजातहरूको प्रतिलिपि एक थान आफ्नो घरमा सुरक्षित साथ राख्ने र आफ्नो साथमा लिएर जानुपर्ने कागजातहरू रुजु गरी लिएर जानुहोस् अन्यथा अध्यागमन वा विदेशमा समस्या झेल्नु पर्ने हुन सक्छ ।
- कमाएको पैसाको फजुल खर्च गर्नु हुँदैन, बचाएको पैसा विदेशबाट नेपालमा आफ्ना आफन्तहरूलाई पठाउन बैंक खाता वा रेमिटेन्स कम्पनीहरूको माध्यम प्रयोग गर्नुहोस् । पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानूनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको सुरक्षाको कुनै सुनिश्चितता नभई पैसा डुब्ने प्रबल सम्भावना हुनाले यस्तो माध्यम प्रयोग नगर्नु उचित हुन्छ ।
- सम्वन्धित मुलुकको ऐन, नियम पालना गर्नु पर्दछ ।

**तपाईंको स्वेच्छा र स्वतःस्फूर्त अग्रसरता नै नैतिक भर्ना प्रक्रियाको मुख्य आधार हुने भएकोले आवेदक, उहाँहरूको परिवारका सदस्य तथा सरोकारवालाहरूले कहीं कतै पनि वैदेशिक रोजगारीका लागि आर्थिक कारोबार वा त्यसको सट्टामा अन्य बहुमूल्य वस्तुहरू जस्तै घडी, गहना, मोबाइल फोन तथा पशुधन लगायत कुनै पनि किसिमको उपहार प्रदान नगर्नु हुन अनुरोध गर्दछौं ।**

**यस संस्थाको कहीं कतै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट नभएको जानकारी गराउँदछौं । तसर्थ, आवेदन दिन इच्छुक व्यक्तिले मध्यस्थकर्ता/बिचौलिया/दलाल (एजेन्ट) प्रयोग नगरी बिना संकोच यस संस्थाको कार्यालयमा सिँधै सम्पर्क गर्न अनुरोध गर्दछौं ।**

**नैतिक भर्ना प्रक्रियालाई आत्मसात गरी वैदेशिक रोजगारलाई अझ सरल, सुदृढ र विश्वासिलो बनाई मानिसहरूको जीवनस्तर उकास्ने हाम्रो अभियानमा तपाईंहरूको सहयोग अपरिहार्य छ । तसर्थ, नैतिक भर्ना प्रक्रियामा सामेल भई वैदेशिक रोजगारीमा जान पाउने अवसरलाई सदुपयोग गर्न आह्वान गर्दछौं ।**

## श्रमिकको हक, अधिकार

- रोजगारी छनोटमा स्वतन्त्रता
- स्वतन्त्रता पूर्वक काम गर्न पाउने अधिकार
- ट्रेड युनियनमा सहभागी हुन पाउने अधिकार
- मानवीय व्यवहार
- जात, धर्म, लिङ्ग, रङ्ग, राष्ट्रियता आदिका आधारमा भेदभावरहित समान व्यवहार

## वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि यस संस्थाको अनुरोध

- यस संस्थाले प्राप्त गरेको मागपत्रको विज्ञापन राष्ट्रिय दैनिक पत्रिका, एफएम रेडियो, वेबसाइट (www.titanicmanpower.com) र यस संस्थाको आधिकारिक फेसबुक पेज मार्फत गरिनेछ । आवेदन दिन इच्छुक व्यक्तिले मध्यस्थकर्ता/बिचौलिया/दलाल (एजेन्ट)को प्रयोग नगरी बिना संकोच यस संस्थाको कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं ।
- कामदार भर्ना प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च र यस संस्थाको सेवा शुल्क रोजगार दाताले व्यहोर्ने भएको हुनाले आवेदकहरूले कसैसँग कुनै पनि किसिमको आर्थिक कारोबार नगर्नु हुन अनुरोध गर्दछौं ।
- यस संस्थाले स्वैच्छिक भर्ना प्रक्रियालाई सदैव प्रोत्साहन गर्दछ । आवेदन दिन इच्छुक व्यक्तिले आवेदन दिनु अघि यस संस्थाद्वारा प्रदान गरिने अभिमुखिकरण कार्यक्रममा अनिवार्य सहभागि भई सम्पूर्ण कुरा बुझेर मात्र आवेदन फाराम भर्न अनुरोध गर्दछौं ।
- वैदेशिक रोजगार भर्ना प्रक्रियाका लागि कुनै पनि व्यक्तिले टाइटानिक म्यानपावर सप्लायर प्रा.लि., यसका कर्मचारी वा अन्य कसैलाई सक्कल राहदानी लगायत नागरिकता, शैक्षिक प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, व्यक्तिगत परिचय पत्र, सवारी चालक अनुमति पत्र, कार्य अनुभव प्रमाणपत्रहरू लगायत कुनै पनि सक्कल व्यक्तिगत कागजातहरू जम्मा गराउनु पर्ने छैन ।

### गुनासो

**हामी घुस, भ्रष्टाचार, उपहार, बाध्यकारी श्रम र मानव तस्करीलाई निषेध गर्दछौं । त्यसैले सो सम्बन्धी यहाँहरूसँग जानकारी भएमा वा अन्य कुनै पनि गुनासो वा प्रतिक्रिया भएमा कृपया तल उल्लेख गरे बमोजिम सम्पर्क गर्न हुन अनुरोध गर्दछौं । यस संस्थाले यहाँहरूको परिचय गोप्य राखी आवश्यक प्रक्रिया अगाडी बढाउनेछ ।**

+९७७-९८०१००४३४५ grievance@titanicmanpower.com

### गुनासो दर्ता गराउने अन्य माध्यमहरु

- **वैदेशिक रोजगार विभागको टोल फ्रि नं.:** १६६००१०९९९९ +९७७-०१-४७८२६१६
  complaint@dofe.gov.np www.dofe.gov.np
- **वैदेशिक रोजगार बोर्डको कल सेन्टर नं.** १६६००१५०००५, ११४१
  +९७७-०१-५३२०३११, ५३२०४३३ callcenter@feb.gov.np
- **मलेसिया दुतावासको टोल फ्रि नं.:** ०१६-२४७२७७७
  info@nepalembassy.com.my

TITANIC
Ethical Recruitment Agency
Since 2002

ISO 9001:2015
Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा.लि.**
इजाजत पत्र नं: २८५/०५८/०५९
बसुन्धरा चौकी, काठमाडौं, नेपाल +९७७-१-४९५३२५२, ४९६४६५९
recruitment@titanicmanpower.com www.titanicmanpower.com
www.facebook.com/TitanicManpowerSupplier

# शुन्य लागतमा वैदेशिक रोजगारीको अवसर

TITANIC
Ethical Recruitment Agency
Since 2002

**"An Ethical Recruitment Agency Where Integrity Matters"**

## परिचय

**इमान्दारिता र आत्मबोध**लाई आफ्नो मौलिक सिद्धान्त मानी सन् २००२ मा हामीले यस संस्थाको स्थापना गरेका हौं । स्थापनाकाल देखि नै हामी संवेदनशिल भई यो व्यवसाय सञ्चालन गर्दै आइरहेका छौं । यसर्थ, यो व्यवसाय पूर्ण रुपमा हाम्रो व्यावसायिक गतिविधिको एउटा अभिन्न अंग बनेको छ । यस सँगै प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम ऐन, नियम तथा मापदण्डहरुको पालना गर्दै व्यवसाय सञ्चालन गर्न हामी उत्तिकै प्रतिबद्ध छौं ।

सन् २००७ देखि आइ.एस.ओ.(**ISO**) मान्यता प्राप्त यो संस्था आफ्ना व्यावसायिक गतिविधिहरूमा निरन्तर सुधारको लागि कटिबद्ध भएर लागिरहेको छ । विगत दुई दशक भन्दा बढी समय देखि नै निरन्तर रुपमा हाम्रो व्यावसायिक प्रक्रिया र प्रणालीहरूको स्तरोन्नति गर्न हामी हरदम प्रयत्नशिल छौं ।

हामीले सन् २०१३ देखि वैदेशिक रोजगारमा जाने/गएका श्रमिकहरूको हक तथा अधिकारको रक्षा गर्ने हेतुले काम गरिरहेको संस्था आर.बि.ए. (**RBA** - Responsible Business Alliance) सँग आबद्ध भएका कम्पनीहरू सँगको सहकार्यमा काम गर्न शुरुवात गऱ्यौं । आर.बि.ए. (**RBA**) को नीति, नियम तथा मापदण्डहरूलाई उच्चतम स्थानमा राखेर नैतिक भर्ना प्रक्रिया पूरा गर्न हामी सदैव प्रतिबद्ध छौं । यसैबीच, हाम्रो संस्था उच्च स्तरको व्यावसायिकता प्रदान गरेर भर्ती उद्योगको लागि राम्रो मार्ग निर्माण गर्न समर्पित छ जसले मानिसहरूको धारणा परिवर्तन गर्न र समाजका सबै क्षेत्रहरूमा सकारात्मक प्रभाव पार्न सक्दछ ।

वैदेशिक रोजगारलाई थप प्रभावकारी र जिम्मेवार बनाउने सोचका साथ यस व्यवसाय सँग सम्बन्धित अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग हामीले निरन्तर सहकार्य गरिरहेका छौं । यसका साथै आइ.एल.ओ. (**ILO** - International Labour Organization), आर.बि.ए. (**RBA**), आइ.ओ.एम. (**IOM** - International Organization for Migration) लगायतका संस्थाहरूले आयोजना गरेका तालिम, सेमिनार, कार्यशाला गोष्ठी लगायतका कार्यक्रमहरूमा हामीले सक्रिय सहभागिता जनाइरहेका छौं । यसबाट वैदेशिक रोजगार व्यवसायलाई थप व्यवस्थित र जिम्मेवार बनाउन हामीलाई उर्जा प्राप्त भइरहेको छ ।

वास्तवमा, एउटा व्यक्ति मात्र नभई सम्पूर्ण परिवारको भावना तथा भविष्य यस व्यवसायसँग जोडिने भएको हुनाले यो एउटा सामान्य व्यवसाय मात्र नभएर **मानव सेवा** हो भन्ने हाम्रो बुझाई हो ।

अन्त्यमा, रोजगारदाता, आवेदक तथा सम्पूर्ण सरोकारवालाहरूलाई नैतिक भर्ना प्रक्रियालाई प्रोत्साहन गर्न र स्वतःस्फूर्त रुपमा सहभागी हुन आग्रह गर्दछौं ।

## भिजन

नैतिक र पेशागत मर्यादा कायम राखी सेवा प्रवाह गर्दै भर्ती सेवाको धारणामा परिवर्तन ल्याउने र हाम्रा ग्राहक, उम्मेद्वार, समाज र समग्र राष्ट्रको उन्नतिमा सकारात्मक प्रभाव पार्ने ।

## महत्वपूर्ण सूचना

**यस संस्था मार्फत् वैदेशिक रोजगारीको लागि आवेदन दिने सम्पूर्ण आवेदकले कसैको डर, दवाब वा धम्कि बिना आफ्नै स्वेच्छाले आवेदन दिन सक्नुहुनेछ। आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको व्यक्तिगत योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ। साथै, भर्ना प्रक्रियामा उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता वा अन्य कुनै पनि आधारमा आवेदकलाई भेदभाव गरिदैन ।**

## RBA र शुन्य लागत भर्ना प्रक्रिया

### Responsible Business Alliance (RBA)

आर.बि.ए. (**RBA**) विश्वव्यापी मानव संसाधनको आपूर्ति श्रृंखलामा व्यावसायिक सामाजिक उत्तरदायित्वका लागी समर्पित विश्वकै सबैभन्दा ठूलो गैर नाफामूलक उद्योग गठबन्धन संस्था हो। यो संस्था मानव संसाधन आपूर्ति श्रृंखलामा श्रमिकहरूको हक, अधिकार र प्रगति प्रति समर्थन गर्न प्रतिवद्ध छ। आर.बि.ए. (**RBA**) सँग आवद्ध भएका रोजगारदाता कम्पनीहरू यसको आचार संहिता पालना गर्दै आफ्नो आपूर्ति श्रृंखलामा पूर्ण रुपमा सामाजिक र नैतिक जिम्मेवारी पालना गर्न प्रतिवद्ध हुन्छन् ।

### शुन्य लागत भर्ना प्रक्रिया

वैदेशिक रोजगार प्रक्रियामा लाग्ने सम्पूर्ण खर्चहरू जस्तै– पासपोर्ट, फोटो, यातायात तथा खाना र बस्न (अन्तर्वार्ता र उडानको क्रममा), स्वास्थ्य परीक्षण, कलिङ्ग भिषा र प्रवेशाज्ञा भिषा, अभिमुखिकरण तालिम, बिमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट लगायत भर्ती संस्थाको सेवा शुल्क रोजगारदाताले व्यहोर्ने गरी कामदार निःशुल्क रोजगारीमा जाने प्रक्रिया नै शुन्य लागत भर्ना प्रक्रिया हो । जस अन्तर्गत कामदारहरूलाई बिना कुनै भेदभाव रोजगारीको समान अवसर प्रदान गरिन्छ ।

## वैदेशिक रोजगार भर्ना प्रक्रिया

१. मार्केटिङ्ग
२. मागपत्रको समीक्षा र पुष्टिकरण
३. नेपाल राजदुतावासद्वारा अनलाइन मार्फत् मागपत्रको स्वीकृति
४. पूर्व स्वीकृति
५. मागपत्रको विज्ञापन
६. भर्ना प्रक्रिया अघिको अभिमुखिकरण
७. आवेदन फारम दर्ता
८. अन्तर्वार्ता र छनोट
९. रोजगार सम्झौता ब्रीफीङ् तथा हस्तान्तरण
१०. स्वास्थ्य परिक्षण
११. कलिङ्ग भिषा स्वीकृति
१२. प्रवेशाज्ञा भिषा स्वीकृति
१३. रोजगार सम्झौतामा हस्ताक्षर
१४. अभिमुखिकरण तालिम (सरकारी नीति अनुरुप)
१५. श्रम स्वीकृति
१६. हवाई टिकट
१७. प्रस्थान पूर्वको अभिमुखिकरण तालिम (टाइटानिक/रोजगारदाताद्वारा)
१८. प्रस्थान
१९. पदस्थापन
२०. प्रतिक्रिया र व्यवस्थापन

## प्रतिवद्धता

हामी पारदर्शिता, निष्पक्षता तथा सम्पूर्ण उम्मेद्वारहरूको अधिकार र कल्याणको सुरक्षा सुनिश्चित गरेर शुन्य लागत अन्तर्गत न्यायोचित भर्ती कायम राख्न प्रतिबद्ध छौं । हामी ग्राहकहरू, उम्मेद्वारहरू र सरोकारवालाहरू सँगको हाम्रो सबै व्यावसायिक अन्तर-क्रियाहरूमा निष्ठाको उच्चतम मापदण्डहरू कायम राख्दै विविधता र समावेशीकरणलाई प्रवर्धन गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.), रेस्पोन्सिबल बिजनेश अलायन्स (आर.बि.ए.) साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरू, नियमहरू र उत्कृष्ट अभ्यासहरूको पालना गर्न समर्पित छौं । हामी हाम्रो भर्ती प्रक्रिया निष्पक्ष, पारदर्शी र रोजगार खोज्ने र रोजगारदाता दुवैको अधिकार र हितलाई ध्यानमा राखिने सुनिश्चितता गर्दछौं ।

## मागपत्र र आवेदन दिने तरिका

### मागपत्र बारे जानकारी

यस संस्थाले प्राप्त गरेका मागपत्रहरूको विज्ञापन राष्ट्रिय दैनिक पत्रिका, एफएम रेडियो, वेबसाईट (www.titanicmanpower.com), कार्यालयको सुचना पाटी तथा यस संस्थाको आधिकारिक फेसबुक पेज मार्फत गरिनेछ ।

### आवेदन दिने तरिका

**वेबसाइटः** हाम्रो वेवसाईट (www.titanicmanpower.com) मा लगईन गरी आवश्यक विवरण भरेर पठाई आवेदन दिन सक्नुहुनेछ ।
**इमेलः** हाम्रो इमेल ठेगाना (recruitment@titanicmanpower.com) मा आफ्नो व्यक्तिगत विवरण पठाएर आवेदन दिन सक्नुहुनेछ ।
**फेसबुक पेजः** यस संस्थाको आधिकारिक फेसबुक पेज www.facebook.com/TitanicManpowerSupplier मा व्यक्तिगत विवरण पठाएर आवेदन दिन सक्नुहुनेछ ।
**सम्पर्क कार्यालयः** यस संस्थाको कार्यालयमा आएर आवेदन फाराम भरी पेश गरेर आवेदन दिन सक्नुहुनेछ ।

## वीमा र कल्याणकारी कोष

### वीमा

वैदेशिक रोजगारीमा जानका लागि नेपाल सरकारले तोकेको वीमा कम्पनीमा करार अवधिभरको लागि दुर्घटना वीमा गराउनु अनिवार्य छ । यसको उद्देश्य तल उल्लेख गरे बमोजिम हुन्छ ।

- रोजगारीको क्रममा कम्पनी वा कम्पनी बाहिर जस्तोसुकै दुर्घटनामा परी घाईते वा अंगभंग भई स्वदेश फिर्ता आउनु परेमा औषधी उपचारमा पर्न आउने आर्थिक संकटलाई न्यूनिकरण गर्ने ।
- कुनै पनि कारणले कामदारको मृत्यु भएको खण्डमा मृतकको आफन्तले जीवन बीमा नीतिमा उल्लेख भए अनुसारको क्षतिपूर्ति रकम प्राप्त गर्ने ।

### कल्याणकारी कोष

वैदेशिक रोजगारमा जाँदा श्रमिकले आफ्नो नाममा श्रम स्वीकृति लिनु अगावै वैदेशिक रोजगार कल्याणकारी कोषमा नेपाल सरकारले तोके बमोजिमको रकम अनिवार्य जम्मा गर्नुपर्दछ र यस कोषको रकम तल उल्लेख गरे बमोजिम प्रयोग गरिन्छ ।

- विदेशमा रहँदा श्रमिकलाई कुनै पनि अप्ठ्यारो अवस्था आईपरेमा स्वदेश फर्काउन,
- विरामी भएमा वा दुर्घटनाको कारणले अंगभंग वा मृत्यु भएमा आर्थिक सहायता प्रदान गर्न
- श्रमिकको मृत्यु भएको खण्डमा वैदेशिक रोजगार प्रवर्दन बोर्ड मार्फत मृतकको परिवारलाई तोकिएको निश्चित रकम अनुसारको क्षतिपूर्ति रकम भुक्तानी गर्न,
- मृतक श्रमिकका बालबच्चाहरूका लागि माध्यमिक शिक्षासम्म पठनपाठनका लागि छात्रवृति प्रदान गर्न ।